नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मोरङ, विराटनगर

## कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर राखी जिल्ला प्रशासन कार्यालय, मोरङ्गका प्रमुख जिल्ला अधिकारी काशि राज दाहालबाट जारी आदेश

मोरङ्ग जिल्लामा कोरोना भाइरस (COVID-19) को संक्रमणको तेश्रो लहरको नयाँ भेरिएन्टको फैलावटलाई मध्यनजर राखि कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, संक्रामक रोग ऐन २०२० को दफा (२) र स्थानीय प्रशासन ऐन २०२८ को दफा (६) को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/१०/०४ गते रातीको १२ बजे देखि अर्को सूचना जारी नभएसम्मका लागि यस अघि जारी गरिएको आदेशको सट्टा देहाय अनुसारको आदेश जारी गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति, संघ, संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ ।

देहाय:

१) कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी घर बाहिर वा सार्वजनिक स्थलमा निस्किदा सबैले मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, समय-समयमा साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतको स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने, गराउने ।

२) सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप २०७८ साल माघ मसान्तसम्म सञ्चालन नगर्ने ।

३) गोष्ठी, सेमिनार, समिक्षा, बैठक जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा बढीमा पच्चीस जना मात्र सहभागि रहने गरी सञ्चालन गर्ने । साथै त्यस्ता क्रियाकलाप सञ्चालन गर्दा २०७८ साल माघ ७ गते पश्चात् त्यस्तो कार्यक्रममा खोपको पूरा मात्रा लगाएका व्यक्तिहरु मात्र उपस्थित हुने गरी गर्ने व्यवस्था मिलाउने ।

४) सिनेमा हल, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्वीमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने र अन्य सबै प्रकारका कार्यक्रम २०७८ साल माघ १५ गतेसम्म सञ्चालन नगर्ने ।

५) विद्यालय, विश्वविद्यालय, कलेज, टयुसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप गर्दा २०७८ साल माघ १५ गतेसम्म भौतिक रुपमा उपस्थितिमा सञ्चालन नगर्ने । त्यस्ता शैक्षिक क्रियाकलाप भर्चुअल वा वैकल्पिक शिक्षण सिकाईका बिधिहरु अपनाई सञ्चालन गर्ने ।

६) विद्यालय, कलेजका पूर्व निर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, वैदेशिक रोजगारीका लागि सञ्चालन गरिने विदेशी भाषा परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

७) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी २०७८ साल माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

८) सपिङ मल, डिपार्टमेण्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसल एकपटकमा पच्चीस जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बीचमा कम्तीमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक-पटक साबुन पानीले हात धुने वा सेनिटाइजर गर्ने गरी सञ्चालन गर्ने । जनस्वास्थ्य मापदण्ड पालना गर्ने-गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने ।

९) पार्टी प्यालेसमा एक पटकमा कूल क्षमताको बढीमा एक-तिहाईमा नबढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट पूर्व स्वीकृति लिई बिबाह, व्रतबन्ध, न्वारान तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम सञ्चालन गर्ने ।

१०) रङ्गशालामा दर्शक सहितको खेलकुद कार्यक्रम गर्दा एक पटकमा कूल क्षमताको एक-तिहाई मात्र उपस्थित रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्ने । उपस्थित दर्शकहरु मध्ये आयोजकको खर्चमा एक-तिहाई दर्शकलाई रेन्डम छनोटको आधारमा एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने । २०७८ माघ ७ गते पश्चात् त्यस्तो खेलकुद कार्यक्रममा खोपको मात्र पुरा गरेका व्यक्तिहरुलाई मात्र खोप कार्डको आधारमा रङ्गशालामा प्रवेश गर्न दिने ।

प्रमुख जिल्ला अधिकारी

बेलबारी नगर कार्यपालिका कार्यालय
दर्ता नं. २८८४
दर्ता मिति २०७८.१०.०४

Scanned with CamScanner

११) धार्मिक वा सांस्कृतिक जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पचास जना भन्दा बढी नहुने गरी जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने ।

१२) सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने:-

क) सिट क्षमता भन्दा बाढी यात्रु नराखे,

ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,

घ) चालक र सहचालकले मास्क र फेस-सिल्ड लगाउनु पर्ने,

ङ) सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्नु पर्ने,

च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने,

छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

ज) लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी सुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड व्यवस्थापन केन्द्रले पाउँने गरी नजिकको ट्राफिक प्रहरी कार्यालयमा उपलब्ध गराउने ।

झ) लामो दुरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई संभव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने ।

१३) आन्तरिक हवाई उडान सम्बन्धमा देहाय बमोजिम गर्ने:-

क) चालक दल तथा सबै यात्रुलाई मास्क तथा फेस-सिल्ड अनिवार्य गर्ने,

ख) हवाई जहाजको भित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

ग) प्रत्येक उडान पछि हवाई जहाज र ब्यागेज निसंक्रमित गर्नु पर्ने,

घ) चेक-इन, बोर्डिङ, ब्यागेज क्लेम गर्ने स्थान तथा प्रतिक्षालयमा भिडभाड हुन नदिने र जनस्वास्थ्यका मापदण्ड लागु गर्ने ।

ङ) सम्बन्धित वायु सेवा सञ्चालकको खर्चमा यात्रुहरुको एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र यात्रा गराउने ।

१४) कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१५) सार्वजनिक स्थानहरुमा प्रवेश गर्दा यही माघ ७ गते देखि कोभिड-१९ विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भएपनि हुने) साथमा राख्ने र यस्ता सबै निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था गर्ने ।

१६) यही माघ ७ गते देखि जिल्लाभित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोबाइलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने ।

१७) सीमा नाकामा एन्टिजेन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउने र त्यस्तो परीक्षणबाट संक्रमित देखिएकाहरुलाई तत्काल संस्थागत आइसोलेसन (होल्डिङ सेन्टर, होटल आदि) मा राख्ने व्यवस्था मिलाउने । यसका लागि सम्बन्धित पालिकाले आवश्यक समन्वय र सहजीकरण गर्ने ।

१८) होटेल तथा रेष्टुरेण्टले देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने :-

क) होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने,

ख) होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

ग) कूल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दुरी कायम गर्नु पर्ने,

घ) सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

ङ) होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसंक्रमित गर्नु पर्ने,

प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

च) होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउने र मास्क लगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्न नदिने ।

छ) २०७८ साल माघ ७ गते पछि खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्न दिने,

ज) होटेल चेक-इन गरेको अवस्थामा वा चेक-इन गरेको २४ घण्टा भित्र आफ्नो होटेलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने, त्यसपछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परीक्षण गर्ने र सो को विवरण जिल्ला कोभिड व्यवस्थापन केन्द्र लाई उपलब्ध गराउने ।

१९) सबै प्रकारका व्यवसायहरुको अग्रपङतिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।

२०) जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को चिह्न वा लक्षण देखिएमा अनिवार्य रुपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र पाँच दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।

२१) सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

२२) नियमित रुपमा सञ्चालन हुनुपर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यको मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

२३) कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहाय बमोजिम गर्ने:-

क) जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

ख) घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टविन वा प्लाष्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखि पाँच दिन पछि मात्र विसर्जन गर्ने ।

ग) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

घ) विदेशबाट नेपाल आउदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भएतापनि कम्तिमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।

ङ) पि.सि.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर हिडडुल, भेटघाट र बैठक नगर्ने ।

च) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिहरुलाई सक्दो सहयोग गर्ने ।

छ) अन्य व्यक्तिले जनस्वास्थ्य मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने ।

ज) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

झ) नेपाल सरकारले तोकेबमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने ।

२४) औद्योगिक तथा व्यावसायिक संस्था, फर्म तथा पसलहरुले स्वास्थ्य मापदण्ड पालना गरी, गराई औद्योगिक तथा व्यावसायिक गतिविधि संचालन गर्ने ।

२५) प्रथम र दोश्रो चरणको कोरोना संक्रमणका बखत होल्डिङ सेन्टर, आइसोलेसन सेन्टर र अस्पताल संचालन गरेका सबै पालिकाहरुले पून: उल्लेखित संयन्त्रहरु खडा गरी सञ्चालनमा ल्याउने ।

२६) निजी क्षेत्रबाट संचालित अस्पताल तथा नर्सिङ होमहरुले समेत कोभिड संक्रमित नागरिकको उपचारको लागि वेड सहितका उपकरणहरु तयारी हालतमा राखि सञ्चालनमा ल्याउने ।

२७) म.न.पा./न.पा./गा.पा. ले समेत विभिन्न स्थानमा एन्टिजेन परीक्षणका लागि हेल्थ डेस्क स्थापना गर्ने । एन्टिजेनबाट पोजेटिभ देखिएकाहरुलाई अनिवार्य PCR परीक्षण गर्ने व्यवस्था मिलाउने । आवश्यकता अनुसार होम आइसोलेसन तथा संस्थागत आइसोलेसनमा संक्रमितहरुलाई पु-याउने व्यवस्था म.न.पा./न.पा./गा.पा.ले गर्ने, यस कार्यमा नेपाल रेडक्स सोसाइटी मोरङले सहजीकरण गर्ने ।

Scanned with CamScanner

२८) विभिन्न सरकारी निकाय, गैर सरकारी संस्था, उद्योगी, व्यवसायी, सामाजिक संस्थाहरुले मास्कको प्रयोगलाई अभियानको रुपमा लैजान आवश्यकता अनुसार सीमा नाका, बजार लगायतका क्षेत्रमा मास्क वितरण गर्ने व्यवस्था मिलाउने ।

२९) सेवा प्रदान गर्ने निकायहरुले भीडभाड हुन नदिने गरी. सेवाग्राहीहरुको नियमित काम सम्पादन गर्ने । बढी भीडभाड हुने अवस्था भएमा सेवाग्राहीको चापको आधारमा उपयुक्त विकल्प चयन गरी सेवा प्रदान गर्ने ।

३०) अक्सिजनको आपूर्ति सहज बनाउन कोभिड-१९ को दोश्रो लहरको समयमा प्रयोगमा आएका अक्सिजन सिलिण्डरहरु यथाशिघ्र सम्बन्धित अस्पताल, उद्योग वा स्थानीय तहमा हस्तान्तरण गर्ने ।

३१) भौतिक दूरी कायम गरी, मास्क, सेनिटाइजर र व्यक्तिगत स्वास्थ्य सुरक्षा सामाग्री प्रयोग गरी तथा तोकिएको मापदण्ड प्रयोग गरी खाद्यवस्तु, डेरी, दुध तथा दुधजन्य पदार्थ बिक्री गर्ने पसलहरु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, खानेपानी, माछा, मासु, विद्यालयका पुस्तक बिक्री वितरण गर्ने पुस्तक पसल, कपडा पसल, सुन चाँदी पसल, सार्वजनिक निर्माणमा प्रयोग हुने छड, सिमेन्ट, इट्टा, डण्डी, विद्युतीय सामाग्री बिक्री गर्ने पसल लगायत सबै प्रकारका पसल, व्यवसायहरु तथा रेष्टुरेन्ट बिहान ५:०० बजेदेखि राती १०:०० बजेसम्म संचालन गर्न पाइने ।

३२) अत्यावश्यक काम नभई भारतीय सीमा नजिकका बजारहरुमा आवत जावत नगर्ने । अत्यावश्यक काम परी भारत जानु पर्दा कोभिड-१९ विरुद्धको खोप कार्ड, ४८ घण्टाको PCR Test (Negative) रिपोर्ट र तत्काल गरिएको Antigen Test (Negative) रिपोर्ट साथमा राखि अनिवार्य रुपले सुरक्षामा खटिएका कर्मचारीलाई देखाउनु पर्ने ।

३३) औषधि लगायत अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा कृतिम अभाव सृजना गर्ने, मूल्य वृद्धि गर्ने, लुकाउने, सहज आपूर्तिमा अवरोध गर्ने उपर कानून बमोजिम कारवाही गरिने ।

३४) कोभिड-१९ को संक्रमण दरका आधारमा यस आदेशमा भएका व्यवस्थाहरु जुनसुकै समयमा पनि पुनरावलोकन गर्न सकिनेछ ।

३५) यस आदेशको पालना तथा कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय तथा सहजीकरण हुन हार्दिक अनुरोध छ ।

३६) यो आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा हुने गरी कुनै कार्य गरेको/गराईएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

मिति: २०७८।१०।०४ गते मंगलबार ।

..........................

(काशि राज दाहाल)

प्रमुख जिल्ला अधिकारी